लुम्बिनी प्रदेश सरकार

कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

सन्धिखर्क, अर्घाखाँची

पत्रसंख्या ०८१/०८२

च.न.

मिति :२०८१/०७/०७

प्रस्ताव आह्वान सम्बन्धि सूचना।

प्रथम पटक प्रकिशत मिति:२०८१/०७/०७सूचना नं.२/०८१/०८२

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र अर्घाखाँचीको आ.व.२०८१/८२ कोस्वीकृत कार्यक्रम अनुसार तपसिलमा उल्लेखित कार्यक्रमहरुमासहभागि हुन इच्छुक आवेदकहरुले सूचना प्रकाशन भएको मितिले ३० दिनसम्म कार्यालय समय भित्र(मिति २०८१/०८/०६ गतेसम्म) देहायमा उल्लेखित कागजातहरु सहित यस कार्यालयमा प्रस्ताव पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । रित नपुगेका वा म्याद नाघि प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागिसमावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ।

तपिसलः

क्र. स.	कार्यक्रमको नाम	न्यूनतम मापदण्ड	संचालन गर्ने कृयाकलाप	कार्यक्रम संचालन हुने स्थान	आवेदक को किसिम	अनुदानको सिमा	स्वीकृत वजेट
१	पोषण सुधारका लागिग्रामिण कुखुरा पालन कार्यक्रम (सङ्ख्या-२)	• सरोकारवालाको समन्वयमा विपन्न समूदाय, दलित, महिला, मुक्तकमैया, पिछडावर्ग, जनजाती र अन्य(मा प्राथमिकता दिई स्थान र कृषक/समूहको छनौट गर्ने) • कुखुरा पालनको लागि कम्तिमा २५ जना कृषक समूह भएको गाऊँ उत्पादन कलष्टर हुने गरी सञ्चालन हुनु पर्ने । • पूर्वाधार निर्माण समेतको कार्य सञ्चालन गरी ६ हप्ता उमेरका प्रति कृषक ५० सङ्ख्याको दरमा कुखुराका चल्ला वितरण गर्नु पर्ने । • चल्ला खरिद गर्दा सम्भव भएसम्म सरकारी श्रोत केन्द्र वा मार्फत खरिद गर्नु पर्ने	• कुखुराको खोर निर्माण/सुधार । • स्थानीय/डयुलप्रप्रोज जातका कुखुराका चल्ला वितरण । • खोप तथा उपचार सेवा । • तालिम सेवा । • दानापानीका भाँडा • पोषण/आहारा व्यवस्थापन । • परजिवि नियन्त्रण	जिल्लाभर	कृषक समूह/ समिति/ सहकारी	• पूर्वाधार निर्माणको लागि ७५% र अन्य उत्पादनमूलक क्रियाकला पहरुमा शतप्रतिशत अनुदान	११ लाख (सख्या२)

३	वालीवस्तु विशेष सघन व्यवसायिक उत्पादन क्षेत्र विकास कार्यक्रम						
क	गाई/भैंसी पालन	• गाई/भैंसी पालनको लागि उपर्युक्त क्षेत्र हुनु पर्ने। • कम्तिमा २०जना कृषक सहभागी बनाई समूह गठन तथा परिचालन गर्ने । • न्यूनतम ५० वटा दुहुना गाई पालन गरेको हुनु पर्ने • बजारीकरणको पहुँच हुनु पर्ने	• गोठ/भकारो निर्माण/सुधार • नश्ल सुधार । • घाँसउत्पादन/आहारा व्यवस्थापन । • क्षमता अभिबृद्धि तालिम, औषधी उपचार, प्राविधिक सेवा, मेशिनरी औजारतथा बजार व्यवस्थापन ।	जिल्लाभर	कृषक समुह/समिति/सहकारी	पूर्वाधार निर्माण र मेशिनरी औजारमा खरिदमा ७५ % र अन्यको हकमा शतप्रतिशत ।	५० लाख (गाई/भैंसी पालन तर्फ ३० लाख र बाखा पालन तर्फ २० लाख)
ख	बाखा पालन	• कम्तिमा २५ घरधुरी भएको बाखा पालक कृषक समूह/समिति/सहकारी हुनु पर्ने । • न्यूनतम २०० वटा माऊ बाखा पालन गरेको हुनु पर्ने । • बजारीकरणको पहुँच हुनु पर्ने । • दैवि प्रकोपबाट प्रमाणित भएको कृषकसदस्यहरुलाई प्रथमिकता दिईने	• खोर निर्माण/सुधार • नश्ल सूधारका लागि प्रजनन् योग्य बोका खरिद । • घाँसउत्पादन/आहारा व्यवस्थापन । • क्षमता अभिबृद्धि तालिम औषधी उपचार, प्राविधिक सेवा, मेशिनरी औजार तथा बजार व्यवस्थापन ।	जिल्लाभर	कृषक समुह/समिति/सहकारी		
३	लक्षित समूदाय विशेष आय आर्जन कार्यक्रम (कुखुरा/वँगुर बाखा/भैंसी)	• कार्यालयले उपर्युक्त स्थान छनौट गरी लक्षित समूदायको मागको आधारमा वाली/वस्तु पहिचान गर्नु पर्ने • लक्षितवर्ग: आर्थिक रुपमा विपन्न, दलित,महिला, मुक्तकमैया, पिछडावर्ग, जनजाती र सिमान्तकृतलाई प्राथमिकता दिईने • लक्षित समूदायमा प्रतिघरधूरी ५०	• वाली वस्तु उत्पादन/प्रशोधन तथा बजारीकरण सम्बन्धि कार्यक्रम सञ्चालन गर्नु पर्ने • आवस्यक न्यूनतम पूर्वाधार । • उत्पादन सामग्री • औषधी/खोप/नश्ल सूधार। • तालिम तथा सचेतना ।	जिल्लाभर	कृषक समुह/सहकारी	• कार्यालयले लागत अनुमान सहितको कार्ययोजना स्वीकृत गरी सञ्चालन गर्ने । • प्रति परिवार अधिकतम रु. ५० हजार बराबरको वस्तुगत सहयोग	२० लाख (सख्या२)

		• वटा कुखुरा, बाखा/बँगूरको हकमा ३ वटा पाठापाठी र भैंसीको हकमा २ वटा पाडा/पाडी वितरण गरी कम्तिमा २० जना कृषक परिवार समावेश हुनु पर्ने			• उपलब्ध गराउन सकिने ।	

आवेदनका लागि आवश्यक कागजातहरु:

१.अनुसूची ३३ अनुसारको प्रस्तावकको निवेदन र अनुसुची ३६ बमोजिमको व्यवसायिक कार्य योजना ।

२.सम्बन्धितनिकायमा दर्ता तथा नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि ।

३.स्थायी लेखा नं. प्रमाणपत्र प्रतिलिपि तथा गत आ.व.को कर चुक्ताको प्रतिलिपि।

४.प्रस्तावकको नागरिकताको प्रतिलिपि ।

५.सम्बन्धित स्थानीय तहको सिफारिस पत्र ।

६.समुह/समिति/सहकारीको हकमा प्रस्ताव स्वीकृत गरि अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि ।

७, आवेदकको स्थायी लेखा नं. प्रमाण-पत्रको प्रतिलिपी प्रस्ताव छनौट भएमा सम्झौतापूर्व पेश गर्नु पर्नेछ ।

८. विगत ३ वर्ष देखि सोहि प्रकृतिको कार्यक्रममा कुनै पनि अनुदान नपाएको स्व-घोषणा पत्र ।

वरिष्ठ पशु चिकित्सक

पुनश्चः यससूचनाहरुमा आवस्यक मापदण्ड छुट हुन गएमा **कृषि तथा पशुपन्छी विकास कार्यक्रम संचालन कार्यविधि २०८१** बमोजिम गरिने व्यहोरा अनुरोध छ ।कार्यक्रम संचालन कार्यविधि २०८१ को अनुसूची ३३ अनुसारको आवेदकको निवेदन र अनुसुची ३६ बमोजिमको व्यवसायिक कार्य योजनाकोफर्मेट यस कार्यालयको वेभसाईटबाट (www.Arghakhanchi.vethos.gov.np) प्राप्त गर्न सकिनेछ । थप जानकारीको लागि यस कार्यालयको टेलिफोन नं.०७७-४२००७२र ४२०११६मा सम्पर्क गर्नुहुन ।

सम्पर्क नं. :- ०७७-४२०११६,०७७-४२००७२ ईमेल ठेगाना :- vethosparghakhanchi@gmail.com
"समृद्धप्रदेश खुशी जनता "